पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे
सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ९२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख २ गते मंगलबार ❑ 15 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पर्यटन राजधानी पोखरामा नयाँ वर्षको स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख



देशको पर्यटकीय राजधानी पोखरामा नेपाली नयाँ वर्ष विसं २०८२ को स्वागत गरिएको छ।

पोखराको प्रमुख पर्यटकीय गन्तव्य फेवाताल किनारबाट सोमबार स्वदेशी तथा विदेशी पर्यटकहरूले नयाँ वर्षको स्वागत गरेका हुन्। नयाँ वर्षको आगमनसँगै पोखराका प्रमुख पर्यटकीयस्थलमा पर्यटक भरिभराउ छन्। फेवाताल, बेगनाससहित विभिन्न मन्दिर र गुफाहरूमा पर्यटकको घुइँचो रहेको छ। नयाँ वर्षको स्वागतका लागि लेकसाइडमा आन्तरिक तथा बाह्य पर्यटकको बाक्लो उपस्थिति रहेको थियो। होटल सङ्घ पोखराको आयोजनामा भइरहेको फेवा नव वर्ष महोत्सवका कारणले समेत यहाँका पर्यटकीयस्थलमा पर्यटक आगमन बढाएको छ। आतशबाजीसहित विभिन्न सांस्कृतिक कार्यक्रम गरेर सडकबाटै नयाँ वर्षलाई हर्सोल्लासका साथ स्वागत गरिएको होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो। नेपाली नयाँ वर्षलाई धुमधामका साथ मनाउने उद्देश्यले आयोजित महोत्सवबाट आन्तरिक तथा बाह्य पर्यटक आकर्षित भएको उहाँले बताउनुभयो।

नेपाली नयाँ वर्ष मनाउनका लागि लेकसाइडको साढे तीन किमी सडकमा नव वर्ष महोत्सव आयोजना गरिएको र महोत्सवमा रमाउँदै स्वदेशी तथा विदेशी पर्यटकले नयाँ वर्षलाई भव्य स्वागत गरेका छन्। अध्यक्ष सुवेदीले लेकसाइडका होटलमा यतिबेला अकुपेन्सी ८० प्रतिशत पुगेको बताउनुभयो।

अध्यक्ष सुवेदीले भन्नुभयो, "देशको पर्यटकीय राजधानी सहर पोखरामा भव्यरूपमा नेपाली नयाँ वर्षको स्वागत गरेका छौं। हजारौं स्वदेशी तथा विदेशी पर्यटकले नयाँ वर्षको खुसी साट्नुभएको छ। नयाँ वर्ष मनाउने प्रमुख गन्तव्य पोखरा हो भन्ने कुरा स्थापित भएको छ।" नयाँ वर्ष तथा विभिन्न बिदाका कारण पनि पोखरा घुम्न आउने आन्तरिक पर्यटकको सङ्ख्या वृद्धि भएको र भारतीय पर्यटकको आगमन पनि बढेकाले नयाँ वर्षमा पर्यटन व्यवसायमा चहलपहल बढेको अध्यक्ष सुवेदीले बताउनुभयो। नयाँ वर्षको स्वागतका लागि राति अबेरसम्म पर्यटक लेकसाइडमा भरिभराउ थिए। लेकसाइडका सबै जसो प्रमुख चोकहरूमा पञ्चेबाजा, भजन, रत्यौली, कन्सर्ट तथा गीत सङ्गीत प्रस्तुत गरिएको थियो। नयाँ वर्ष मनाउनका लागि पोखरामा केही दिनदेखिनै पर्यटकको बाक्लो चहलपहल बढेको होटल सङ्घले जनाएको छ। यही चैत ३० गतेदेखी सुरु नव वर्ष महोत्सव सोमबार सकिदै छ। नेपाली नयाँ वर्षलाई उत्लासमय बनाउँदै पर्यटन, संस्कृति र खानालाई विशेष जोड दिएर महोत्सव गरिएको हो।

महोत्सवमा परम्परागत नेपाली खानाको प्रवर्द्धन, सांस्कृतिक झाँकीका कार्यक्रम, लोकदोहोरी र प्रख्यात कलाकारबाट पप कन्सर्ट, स्थानीय कलाकारद्वारा विभिन्न सांस्कृतिक नृत्य, हास्यव्यङ्गय प्रहसन र पर्यटक दौडलगायत रहेका थिए। नयाँ वषसँगै पोखरामा अन्य पर्यटकीय तथा धार्मिकस्थलमा पर्यटक आगमन बढेको छ। पोखराका विन्ध्यवासिनी, तालबाराही, भद्रकालीलगायतका धार्मिकस्थलमा बिहानदेखिनै भक्तजनको घुइँचो लागेको छ। विन्ध्यवासिनी मन्दिरमा पूजाआजाका लागि बिहान ४ बजेदेखिनै भक्तजनको बाक्लो लाइन लागेको समितिका सचिव तीर्थ श्रेष्ठले जानकारी दिनुभयो।

## नयाँ वर्ष २०८२ प्रेरक बन्ने मुख्यमन्त्री पाण्डेको विश्वास

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सबै किसिमका चुनौती सम्बोधन गर्न नयाँ वर्ष प्रेरक बन्ने विश्वास व्यक्त गर्नुभएको छ।

नयाँ वर्ष २०८२ का अवसरमा शुभकामना व्यक्त गर्दै उहाँले सङ्घीयता कार्यान्वयन र समग्र विकासमा देखिएका चुनौती सम्बोधन गर्न नयाँ वर्षले थप हौसला प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो। "सबैले एक अर्काप्रति प्रेम, सहकार्य र सद्भावना बढाउने तथा उज्ज्वल भविष्यको निर्माण गर्ने सङ्कल्प गर्दै संवत् २०८१ मा हासिल गरेका उपलब्धिहरूलाई दिगो बनाउन र लक्ष्य प्राप्तिका लागि निरन्तर क्रियाशिल रहनुपर्छ", मुख्यमन्त्री पाण्डेको सन्देशमा भनिएको छ। प्रदेश सरकार सुशासन प्रवर्द्धन गर्दै दिगो एवं समावेशी विकासमार्फत जनताका आकांक्षा पूरा गर्न प्रयत्नशील रहेको उल्लेख गर्दै मुख्यमन्त्रीले गण्डकी प्रदेश सरकारले लिएको 'आत्मनिर्भर र समुन्नत प्रदेश : सुखी प्रदेशवासी' को सङ्कल्प पूरा गर्न सम्पूर्ण प्रदेशवासीको साथ सहयोगको अपेक्षा गर्नुभएको छ। गण्डकी प्रदेशको आर्थिक, सामाजिक, पूर्वाधार तथा संस्थागत विकास र सेवा प्रवाहको क्षेत्रमा देखिएको प्रगति समग्र गण्डकी प्रदेशवासी, सबै राजनीतिक दल, नागरिक समाज, कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मीको संयुक्त प्रयासको परिणाम भएको भन्दै उहाँले यो समन्वय, सहकार्य र साझेदारीलाई जीवन्त राख्दै गण्डकी प्रदेशलाई आत्मर्निभर, समुन्नत र जनउत्तरदायी बनाउने साझा सङ्कल्पमा प्रदेश सरकार दृढतापूर्वक अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

आशा, अपेक्षा र उमङ्गको उत्सवका रूपमा लिइने नयाँ वर्षले सबैलाई सत्कर्ममा लाग्न र समाज विकासमा सकारात्मक भएर सोच्न प्रेरणा मिलोस् भन्ने उहाँले कामना गर्नुभएको छ।

## 'हामी ठूला परियोजना सञ्चालनको तयारीमा छौं'

**पोखरापत्र संवाददाता**
बागलुङ, १ बैशाख

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकालले ७७ वटै जिल्लाका व्यवसायी मिलेर सुरु गरेको ठूला परियोजना सञ्चालनको तयारीमा रहेको बताउनुभएको छ।

गतवर्ष ढोरपाटन उपत्यकामा भएको महासङ्घको तेस्रो कार्यकारिणी बैठकले स्थापना गरेको उक्त परियोजनाले जलविद्युत् र पर्यटनमा लगानी गर्ने र समस्यामा रहेका परियोजनालाई सहयोग गर्ने उहाँले जानकारी दिनुभयो। मुलुकलाई आर्थिक रुपमा सुदृढ आत्मनिर्भर गराउन सञ्चार क्षेत्रको भूमिका महत्त्वपूर्ण हुने बताउँदै अध्यक्ष ढकालले लगानीमैत्री वातावरण निर्माण गर्न सकारात्मक सन्देश दिने सञ्चार सामाग्री प्रकाशन गनुपर्ने धारणा राख्नुभयो। ढोरपाटन दैनिकले सोमबार यहाँ आयोजना गरेको २०८२ सालको क्यालेन्डर बिमोचन तथा शुभकामना आदानप्रदानमा उहाँले युवा रोजगारी बढाउन पर्यटन र जलविद्युत्मा लगानी आवश्यक भएको बताउनुभयो। त्यसैका लागि महासङ्घको अगुवाइमा गतवर्ष १० अर्बको ठूला परियोजना स्थापना गरिएको उहाँको भनाइ छ। अध्यक्ष ढकालले पछिल्लो समय सरकारले लगानीमैत्री वातावरणको सुरुवात गरेको बताउनुभयो। नेपालमा लगानी गर्न विदेशी लगानीकर्ता आउन खोजी रहेकाले सरकारले वातावरण बनाउनुपर्ने उहाँको धारणा थियो। ढकालले विदेशीले नेपालमा लगानी बढाएमा रोजगारी बढ्ने मात्र नभइ संसारभर सकारात्मक सन्देश जाने बताउनुभयो। बैंकहरुले ब्याज घटाउने, कालोबजारी ऐन खारेजीसहितका एजेण्डा पूरा गर्न सरकारले थालिसकेको उहाँको भनाइ छ। जसका कारण विश्वव्यापी आर्थिक सङ्कटको असर नपरोस् भन्ने चाहेको महासङ्घका अध्यक्ष ढकालले बताउनुभयो। ढकालले नयाँ सोच र परियोजना बनाएर बसेका उद्यमीलाई पूँजी अभाव भएमा ठूला परियोजनामार्फत साथ दिने उल्लेख गर्नुभयो।

## अन्तर्राष्ट्रिय उडान नियमीत गर्न सबैको पहल आवश्यक छ: मन्त्री बस्याल

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख



गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्यालले पर्यटन व्यवसायलाई माथि उठाउन व्यवसायीहरुको महत्वपूर्ण भूमिका हुने बताएका छन्।

ट्रेकिङ एजेन्सीज एशोसिएसन अफ नेपाल (टान) गण्डकीले आयोजना गरेको नयाँ बर्ष २०८२ को शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै बस्यालले पोखराबाट अन्तराष्ट्रिय उडान संचालनका लागि व्यवसायीलाई सक्रिय भएर लाग्न आग्रह गरे। चीन तर्फ सुरु भएका उडानलाई निरन्तरता दिदैं नजिकका छिमेकी देशहरुमा पनि उडानको पहिचान गरी अन्तराष्ट्रिय उडानमा संचालनका लागि सबै मिलेर पमह गर्नुपर्ने बस्यालले बताए। पर्यटनलाई कसरी माथि उठाउने भन्नेमा आफु चिन्तित रहेको उनले भनाई थियो। टान गण्डकीका अध्यक्ष कृष्ण प्रसाद आचार्यले स्थानीय निकायले विभिन्न शुल्क उठाउदा पर्यटन क्षेत्रमा असर परेको बताए। उनले अन्तराष्ट्रि विमानस्थल संचालनमा समेत गण्डकी सरकारको ध्यानाकर्षण गराएका थिए।

कार्यक्रममा उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकीका सचिव इन्द्रप्रसाद बस्याल, नेपाल पर्यटन बोर्ड पोखरा कार्यालयका प्रमुख मणिराज लामिछाने, वडा प्रहरी कार्यालय बैदामका प्रमुख सन्तोष निरौला, नेपाल पर्यटन बोर्डका पूर्व सदस्य बासु त्रिपाठी, पोखरा पर्यटन परिषद्का वरिष्ठ उपाध्यक्ष हरि भुजेल, होटल संघ पोखराका अध्यक्ष लक्षण सुवेदी, टान गण्डकीका पूर्व अध्यक्ष धर्मराज पन्थी, महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ) अध्यक्ष उमा भण्डारी, टान गण्डकीका सचिव गोपालकृष्ण सग्रौल लगायतले पर्यटन क्षेत्रको विकास वारेमा भनाई राखेका थिए।

## एमालेले सात जना कम्युनिष्ट योद्धालाई सम्मान गर्ने

**रासस**
काठमाडौं, १ बैशाख

नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले सातजना कम्युनिष्ट योद्धालाई सम्मान गर्ने भएको छ।


ललितपुर, च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा सोमबार बसेको सचिवालय बैठकले पार्टी स्थापना दिवसको अवसरमा नेपाली कम्युनिष्ट आन्दोलनको विकास र विस्तारमा महत्त्वपूर्ण योगदान गरेका सातजना विशिष्ट व्यक्तित्वहरूलाई कम्युनिष्ट योद्धाका रूपमा सम्मान गर्ने निर्णय गरेको एमाले उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिनुभयो। उहाँका अनुसार सम्मान गरिने व्यक्तित्वहरूमा क्रमशः लालबहादुर विश्वकर्मा (कञ्चनपुर), रत्न शर्मा न्यौपाने (मरणोपरान्त), बाचस्पति देवकोटा (गोरखा), शान्ता मानवी (काठमाडौं), सत्यनारायण मण्डल (सप्तरी), शोभाराम बस्नेत (दाङ), हरिचरण शिवाकोटी (झापा) हुनुहुन्छ।

त्यसैगरी बैठकले तत्कालीन नेकपा (माले) र कोर्डिनेशन केन्द्र पार्टी निर्माणका क्रममा ३४ जना नेता तथा कार्यकर्ताको संस्मरण समेटिएको पुस्तक "सेल्टर" सार्वजनिक गर्ने निर्णय समेत गरेको छ। पुस्तकमा तत्कालीन अवस्थामा पार्टी निर्माण गर्दा नेता जनताको घरमा कसरी आश्रय लिए, पार्टी महाधिवेशन गर्ने त्यो वेला भूमिगत समयमा नेताहरुले कसरी काम गरे, कार्यकर्ताले कसरी नेताहरुलाई सुरक्षा दिए भन्ने सन्दर्भमा समेटिने जनाइएको छ।

उपमहासचिव ज्ञवालीले सरकार परिवर्तनको कुरा गर्नु भनेको सत्ताप्रतिको आशक्ति मात्र भएको बताउनुभयो। "अहिले सरकार परिवर्तन न कतैबाट पनि सम्भव, न त कुनै सान्दर्भिकता र न त कुनै औचित्य रहेको छ", उहाँले भन्नुभयो। उहाँले सरकारले अझ राम्रो काम गर्न जरुरी रहेको बताउनुभयो।

"केही कमजोरीलाई आधार बनाएर एक थरिले प्रणाली नै उल्टाउने कोसिस गर्ने र अर्को थरिको ध्यान केवल सरकार परिवर्तनमा जाने। यी कुरा अस्थिरता निम्त्याउने प्रयत्न हो। यो सफल हुँदैन भन्ने मान्यता पार्टीको रहेको छ", उहाँले भन्नुभयो। बैठकले लोकतान्त्रिक गणतन्त्रको विजारोपण भएको र जनताले जितेको ऐतिहासिक दिनका रूपमा बैशाख ११ गते 'युथ सेलिब्रेशन' भव्य रूपमा मनाउने निर्णय गरेको छ।

बैठकमा अध्यक्ष केपी शर्मा ओलीले वर्तमान मुलुकको समसामयिक विकसित राजनीतिक घटनाक्रमका बारेमा संक्षिप्त जानकारी गराउनुभयो। सो विषयमा सचिवालयको बैठकमा गम्भीरतापूर्वक छलफल भएको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो।



# युनाईटेड क्लबद्धारा पोखरा बृद्धाश्रममा खाद्यान्न वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख

युनाईटेड क्लब पोखराले १५ औं वार्षिकोत्सवको अवसर पारी पोखरा १७ मा रहेको पोखरा बृद्धाश्रममा खाद्यान्न वितरण गरेको छ।

सामाजिक काम मार्फत छुट्टै पहिचान बनाउन सफल युनाईटेड क्लबले वैशाख ७ गते आफ्नो वर्षिकोत्सव मनाउने योजना अनुसार त्यसको अवसरमा वैशाख १ गते पोखरा १७ सितापाइलामा रहेको पोखरा बृद्धाश्रममा खाद्यान्न सहयोग गरेको हो। सो अवसरमा वोल्दै युनाईटेड क्लबका संस्थापक अध्यक्ष हिमालय बख्रेलले युनाईटेड क्लब पोखराले पोखरामा पोखरा महोत्सवको आयोजना गरी सामाजिक काम गर्दै आइरहेकाले पोखरा महोत्सवलाई सवै क्षेत्रको साथ र सहयोग आवश्यक रहेको बताए। त्यस्तै पोखरा बृद्धाश्रमका अध्यक्ष कुशुमकेशव पराजुलीले बृद्धाश्रमलाई राज्य र सरकारी संस्थाबाट सोचेजस्तो साथ र सहयोग नभइरहदा युनाईटेड क्लब जस्तै संघ संस्थाको सहयोबाटनै




आश्रममा आश्रितहरुलाई सहयोग पुगेको बताए। युनाईटेड क्लबले अहिले मात्र नभइ यसअघिपनि सहयोग गर्दै आइरहेको बताउदै युनाईटेड क्लबले सामाजिक क्षेत्रमा आफुलाई अब्बल बनाएको बताए। समाज बिकास र समुन्नतिका लागि महिला युवा र जेष्ठ नागरिकले आ आफ्नो ज्ञान शीप र अनुभवलाई प्रयोग गर्नुपर्ने बताउदै उनले जेष्ठ नागरिकको हेरचाह स्याहार गर्ने शीप र ज्ञान सिकाउनका लागि पोखरा बृद्धाश्रमले जापानी प्रबिधिको तालिम पोखरामा भित्रयाउन लागेको बताए। स्वदेश तथा विदेशमा रोजगारी बढ्दै जाने क्रम भएकाले उक्त तालिम उपयोगी हुने उनको भनाइ थियो।

क्लबका द्धितिय उपाध्यक्ष एवं खाद्यान्न वितरण कार्यक्रम संयोजक सूर्य बहादुर बानियाँले सामाजिक काम गर्दै आइरहेको युनाईटेड क्लबले नयाँ वर्ष २०८२ को पहिलो दिन पोखरा बृद्धाश्रममा आश्रितहरुलाई खाद्यान्न सामाग्री वितरण गरी शुरुवात गर्न पाउदा खुसी लागेको बताउदै आगामी दिनमा पनि सामाजिक कामलाई निरन्तरता दिने बताए।

युनाईटेड क्लबका अध्यक्ष लोक बहादुर थापाले युनाईटेड क्लब विशुद्ध सामाजिक क्षेत्रमा सहयोग गर्दै आइरहदा बिगतमा जस्तै यो वर्षपनि सामाजिक कामबाटै बार्षिकोत्सव कार्यक्रमको थालनी गरिएको बताए। पोखरा बृद्धाश्रम जस्ता संस्थाहरुलाई सम्पूर्ण संघ संस्थाहरुले साथ र सहयोग गर्नुपर्नेमा जोड समेत जोड दिए। क्लबले वार्षिकोत्सवको अवसर पारि वैशाख ३ गते वृहत रक्तदान कार्यक्रमका साथै छिट्टै नै बृहत स्वास्थ्य शिविरको आयोजना गर्ने बताए। उक्त अवसरमा क्लवका संस्थापक सदस्य रेशम बहादुर थापाले आश्रमलाई ५ हजार ५ सय नगद प्रदान गरेका थिएभने आश्रममा आश्रित १०९ वर्षिय नन्दलाल दाहाल र ९२ वर्षिय पार्वती पौडेललाई क्लबका अध्यक्ष लोक बहादुर थापाले दोशल्ला ओढाइ सम्मान गरेका थिए।

१५ औं वार्षिकोत्सव कार्यक्रम संयोजक तथा क्लबका वरिष्ठ उपाध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तब्य राखेको कार्यक्रमको सञ्चालन क्लबका महासचिव दिनेश सुनारले गरेका थिए। उक्त अवसरमा क्लबका सल्लाहकार, आजीवन सदस्य र पदाधिकारीहरुको उपस्थिती रहेको थियो।



विन्ध्यवासिनी मन्दिरमा भक्तजनः नयाँ वर्ष २०८२ को पहिलो दिन सोमबार पोखराको प्रसिद्ध धार्मिकस्थल विन्ध्यवासिनी मन्दिरमा पूजाअर्चनाका लागि पुगेका भक्तजनहरू। तस्बिरः कृष्ण दवाडी /रासस

# उकालो दौड प्रतियोगिताको उपाधि ओखलढुंगाका कार्कीलाई

**पोखरापत्र संवाददाता**
तनहुँ, १ बैशाख

तनहुँको शुक्लागण्डकी नगरपालिका-२ कोत्रेस्थित अन्नपूर्ण युवा क्लबले नयाँ वर्षको अवसरमा सोमबार आयोजना गरेको उकालो दौड प्रतियोगिताको उपाधि ओखलढुङ्गाका टङ्कबहादुर कार्कीले जित्नुभएको छ।

शुक्लागण्डकी नगरपालिका-२ स्थित कोत्रेबाट स्थानथोक कोटदरबारसम्मको नौ किलोमिटर दूरीको उकालो दौड प्रतियोगिता ४३ मिनेट ४० सेकेण्डमा पूरा गर्दै कार्कीले उपाधि जित्नुभएको हो।

प्रतियोगितामा खोटाङका गजेन्द्र राई द्वितीय, रोल्पाका मनकुमार रोका मगर तृतीय, धनकुटाका उमेश थापा चौथो र भक्तपुरका विकास राई पाँचौं हुनुभएको छ। प्रतियोगितामा प्रथम हुनेलाई रु ३३ हजार ३३३, दोस्रो हुनेलाई रु २२ हजार २२२, तृतीय हुनेलाई रु ११ हजार १११, चौथो हुनेलाई रु पाँच हजार ५५५ र पाँचौं हुनेलाई रु तीन हजार ३३३ नगद पुरस्कार प्रदान गरिएको प्रतियोगिताका प्रवक्ता तीर्थराज खनालले जानकारी दिनुभयो।

त्यस्तै महिलातर्फ लमजुङका विपना लामा प्रथम, लमजुङकै करुणा गुरुङ दोस्रो र तनहुँका सरस्वती डुम्राकोटी तृतीय हुनुभएको छ। उहाँहरूलाई क्रमशः रु पाँच हजार, रु तीन हजार र रु दुई हजार नगद पुरस्कार प्रदान गरिएको छ।

प्रतियोगितामा १६६ धावकको सहभागिता रहेको थियो। कोत्रेबाट सुरु भएको दौड एक्लेखेत, तार्कुडाँडा, मनवानपुर, भुजिकोट, स्थानथोक हुँदै भूमेभैरव कोट पुगेर सकिएको थियो। पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित दौड प्रतियोगिता आयोजना गरिएको हो। उक्त ठाउँमा यसअघि विसं २०७५ मा पहिलोपटक दौड आयोजना गरिएको हो। दौडले यस ठाउँका पर्यटकीयस्थलको प्रचारप्रसारमा सहयोग पुगेको क्लबका अध्यक्ष अनिल खनालले बताउनुभयो।

# बद्रीले नचाए आलु महोत्सवका दर्शक

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख

चर्चित कलाकार बद्री पंगेनी सोमबार १३ औं राष्ट्रिय हेमजा आलु महोत्सवमा देखिए। उनले त्यहाँ भरपुर मनोरञ्जन पनि दिए। लोकदोहोरीका अलवा उनले थुप्रै गीत गाए।

तिम्रो राशी तुला पर्यो, नाचौला झ्याउरेको तालैमा, अझै गणतन्त्र आएको छैन लगायतका गीत उनले प्रस्तुत गरे। त्यसमध्ये तिम्रो राशी तुला पर्यो.. धेरै दर्शकले रुचाए। त्यसका अलवा पंगेनी दर्शक माँझ नै गाएर अन्य थुपै गीतहरु पनि गाए।

उनलाई धेरै दर्शकले साथ पनि दिए। यतिसम्मकी आफ्ना गीत गाउन उनले दर्शकलाई नै माइक समेत उपलब्ध गराए र दर्शकले फटाफट उनका गीत गाए। पंगेनी जस्तै सोमबार महोत्सवमा कलाकार चोलेन्द्र पौडेल, कृष्ण अखेली, सीता परियार, सन्ध्या विसी, अनिल चापागाइँ, संजीव सिंह राना तथा आवाज व्याण्डले प्रस्तुतिहरु



राखेको सांस्कृतिक उपसमिति संयोजक सुर्य कुँवरले जानकारी दिए। त्यस्तै मंगलबार अर्जुन सापकोटा, सुमन बिटी, मञ्जु विक, सुदिप क्षत्री, कृष्ण भट्टराई तथा आगमन व्याण्डका प्रस्तुतिहरु रहने जनाइएको छ। महोत्सव अन्त्यतिर आइरहदाँ त्यहाँका स्टलबाट आलु तथा अन्य सामाग्री किन्नेहरुको संख्यामा बृद्धि भएको छ।

महोत्सवको ९ औं दिन सोमबारसम्म करिव ८५ हजार दर्शक बढीले महोत्सव अवलोकन गरेकोमा कुल २ हजार ७ सय बढी घरपरिवारले आलु किनी लगेको आलु तथा कृषि उपज व्यवस्थापन उपसमिति संयोजक जयराम तिम्सिनाले जानकारी दिए। त्यस्तै अन्य व्यापारिक स्टलहरुबाट समेत सामाग्री खरिद गर्नेहरुको संख्या दिनप्रतिदिन बढ्दै गइरहेको छ। विशेष गरी त्यहाँ घरयासी सामग्री, लत्ताकपडा, भाडाकुडा किन्नेको संख्या बढी छ। त्यहाँ कृषितर्फ ३० तथा १ सय २० वटा व्यापारिक स्टल छन्। सबै स्टलबाट व्यापार राम्रो भइराखेको छ, महोत्यव अन्तिम तिर भएकाले किनमेलका लागि घुइचो जस्तै लागेको छ, हामीहरु स्टल संचालकको निरन्तर सम्पर्कमा पनि छौं, आज सोमबार साँझसम्म गरी २ करोड ८० लाख बढीको कारोवार भएको अनुमान छ, आयोजक विष्णुपादुका क्लवका अध्यक्ष वसन्तकुमार श्रेष्ठले भने। त्यहाँ आलु खरिद गर्नकै लागि पोखरा लगायत छिमेकी अन्नपूर्ण एवम् माछापुच्छ्रे गाउँपालिका, स्याङजा, चितवन, तनहुँ, पर्वत, मुस्ताङ, बाग्लुङ, सुनसरी, रुपन्देही लगायतका जिल्लाबाट समेत मानिसहरु महोत्सव स्थल विष्णुपादुका खेल मैदान पुगेका छन्।

सोमबार साँझसम्म ३२ लाख बढीको आलु कारोवार भएको छ। त्यहाँ प्रतिकेजी रु.४२ मा आलु बिक्री गरिएको छ। हेमजाको आलु बढी स्वास्थ्यकर मानिने, छिटो पाक्ने तथा खानमा पनि स्वादिलो र मिठो हुने भएकाले अधिकाशं उपभोक्ताको रोजाईमा पर्ने गरेको छ। महोत्सव बाहेक हेमजाका अन्य ठाउँहरुबाट समेत यतिवेला आलुको कारोवार भइरहेको छ। यही चैत २४ बाट सुरु महोत्सव बैशाख ३ गतेसम्म चल्नेछासमापनको दिन रक्तदान कार्यक्रम समेत आयोजना गरिएको छ।

# सञ्चारमन्त्रीद्वारा 'घलेगाउँ पर्यटन रजत जयन्ती' को उद्घाटन

**पोखरापत्र संवाददाता**
लमजुङ, १ बैशाख

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले लमजुङको प्रसिद्ध पर्यटकीय गन्तव्य घलेगाउँमा 'घलेगाउँ पर्यटन रजत जयन्ती' कार्यक्रमको उद्घाटन गर्नुभएको छ।

घलेगाउँ पर्यटन व्यवस्थापन समितिको आयोजनामा सुरु भएको यो कार्यक्रमले घलेगाउँको २५ वर्षे पर्यटन यात्रालाई स्मरण गर्दै गाउँ पर्यटनको महत्त्व र योगदानलाई उजागर गर्ने उद्देश्य राखेको छ। सो अवसरमा सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले घलेगाउँको यात्रा दुःख, विकटता र अभावबाट सुरू भएर अहिलेको स्मार्ट भिलेजको यात्रासम्म आइपुगेको बताउनुभयो। उहाँले परिवर्तनको मूल रहस्य समुदायको एकता, नेताहरूको अठोट र जनसहभागिता भएको उल्लेख गर्नुभयो।

घलेगाउँलाई विश्वले चिनेको ठाउँको रूपमा प्रस्तुत गर्दै यसको उदाहरण देशभर फैलाउन सकिने उहाँको विश्वास छ। मन्त्री गुरुङले भन्नुभयो, "घलेगाउँ नेपालको उत्कृष्ट होमस्टे गन्तव्य हो। यहाँबाट सुरू भएको होमस्टे अभ्यास अहिले देशका विभिन्न जिल्लाहरूमा फैलिएको छ। लमजुङ जिल्ला आज ७७ वटै जिल्लामा गाउँ पर्यटन फैलाउने नेतृत्त्वदायी जिल्लाका रूपमा चिनिएको छ।" गण्डकी अञ्चलमा मात्रै ३०६ वटा होमस्टे दर्ता भएको उल्लेख गर्दै मन्त्री गुरुङले तीमध्ये धेरैजसो सफलतापूर्वक सञ्चालनमा रहेको जानकारी दिनुभयो। उहाँले ग्रामीण पर्यटनलाई मजबुत बनाउने हो भने नेपाललाई पर्यटनको केन्द्रविन्दु बनाउने सम्भावना रहेको बताउनुभयो। नेपालको हरेक गाउँलाई 'जीवन्त




सङ्ग्रहालय' को रूपमा परिभाषित गर्दै विविधता, प्रकृति र संस्कृतिको यो सुन्दर मिश्रणले नेपाललाई अन्तरराष्ट्रियस्तरमा चिनाउन सकिने मन्त्री गुरुङले विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "भाग्य र भविष्य थाहा हुँदैन, तर कसैको अठोट, नीति र कार्यक्रमले नै भाग्य कोर्न सक्छ।"यस अवसरमा स्थानीय बासिन्दाहरू, होमस्टे सञ्चालक, जनप्रतिनिधि तथा विभिन्न सङ्घ-संस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो। कार्यक्रमको आगामी दिनहरूमा विविध सांस्कृतिक कार्यक्रम, पर्यटन छलफल, स्थानीय उत्पादनको प्रदर्शनी र अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन हुने तयारी रहेको आयोजकले जानकारी दिएका छन्।


## स्वदेशी मौलिक उत्पादनको प्रवर्द्धन गरौं

- हाम्रो मौलिक उत्पादन पहिचानमात्र होईन आय आर्जनको स्रोत पनि हो,
- घरेलु र परम्परागत सीपमा आधारित उत्पादनको अभिवृद्धि गर्दै स्वावलम्बी र स्वरोजगार बनौ,
- स्थानीय सीप, क्षमता र कच्चा पदार्थको उपयोग गरौं,
- हस्तकला लगायतका व्यवसाय सानो पंजीमा पनि थालनी गर्न सकिन्छ.
- स्वदेशी उत्पादनवाट आत्मनिर्भर बनौ,
- आयातित वस्तुको सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौं,

*अर्थतन्त्रमा योगदान गरौं, मुलुकलाई समृद्ध बनाऔं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


# 'स्थायी शान्ति र दीगो विकास आजको प्राथमिकता'

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले राष्ट्रको स्थायी शान्ति, दिगो विकास तथा प्रत्येक नेपाली जनताको आर्थिक, सामाजिक रूपान्तरणसहितको समुन्नत र समृद्ध नेपाल निर्माण गर्नुपर्नेमा जोड दिनुभएको छ।

नयाँ वर्ष २०८२ को आगमनको अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उहाँले विगत समीक्षा गर्ने र भविष्यमा गरिने कार्यहरूको योजना बनाउने अवसरका रूपमा नयाँ वर्षले जोश, जाँगर र उत्साह थप्ने विश्वास लिनुभएको छ। "सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई थप मजबुत बनाउँदै समस्त नेपालीको जीवनलाई अझै उन्नत र समृद्ध बनाउन विशेष योजना, मार्गचित्र निर्माण गरी कार्यारम्भ गर्न जरूरी रहेको छ", सन्देशमा भनिएको छ। नयाँ पिँढीको गुणस्तरीय भविष्यका लागि सामूहिकताको संस्कृति विकास गर्दै आइलाग्ने थुप्रै चुनौतीलाई सबै पक्षको सहमति र सहकार्यबाट परास्त गर्नुपर्नेमा उहाँको जोड छ। लोकतन्त्रको उच्चतम अभ्यास गर्न, यसलाई फुल्ने, फल्ने वातावरण बनाउन, लोकतान्त्रिक विधि, पद्धति र प्रक्रिया लागू गर्न एवं संवैधानिक मूल्य, मान्यता र नैतिकतालाई आत्मसात् गर्न नयाँ वर्षले सबैलाई प्रेरणा मिलोस् भन्ने उहाँले कामना गर्नुभएको छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि


डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि


डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# विद्यालय भर्ना अभियान अलपत्र नपारौं

विद्यालय शिक्षा ऐन जारी गर्न माग गर्दै आन्दोलनरत शिक्षकहरूले नयाँ वर्षको दिनमा पनि आन्दोलन गरेका छन।चैत २० गतेदेखि थालेको आन्दोलनरत शिक्षकले १३ औं दिन पनि प्रदर्शन जारी राखेका छन् । सरकार र शिक्षकबिच दुई पटक वार्ता भए पनि कुनै निष्कर्ष ननिस्किएपछि आन्दोलनलाई निरन्तरता दिएका छन । नेपाल शिक्षक महासंघको नेतृत्वमा गत चैत २० गतेदेखि काठमाडौंको माइतीघर मण्डलमा सुरु भएको छ । एक सातासम्मको शान्तिपूर्ण मागमा सरकारले कुनै चासो नदेखाएको भन्दै शिक्षकहरूले चैत २६ गतेदेखि शैक्षिक हडताल गरी आन्दोलनलाई तीव्रता दिएका छन् । सरकार र शिक्षक महासंघबीच विगतमा भएका सम्झौता बमोजिम सरकारले विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने उनीहरूको माग छ ।

लाखौं शिक्षक सडकमा आएर आन्दोलन गर्दा पनि सरकार शिक्षाप्रति उदासीन बनेको उनीहरूले आरोप लगाएका छन् । संसद्को नियमित अधिवेशन, विशेष अधिवेशन वा अध्यादेशमार्फत ऐन जारी गर्नुबाहेक अरू विकल्प नरहेको नेपाल शिक्षक महासंघले जनाएको छ । गत चैत्र २० गते भन्दाअघि नै विद्यालय तहका सबै प्रकारका वार्षिक परीक्षा सकिएकाले पठनपाठनमा असर नपुगे पनि वैशाख २ गते देखि नयाँ शैक्षिक वर्ष सुरु हुने भएकाले शैक्षिक हडतालले प्रत्यक्ष असर गर्ने देखिएको छ । वैशाख २ गतेदेखि देशभरका विद्यालयहरूमा नयाँ विद्यार्थी भर्ना तथा घरदैलो अभियान सञ्चालन हुनुपर्ने शैक्षिक कार्यतालिका रहेको छ । शान्तिपूर्ण आन्दोलनबाट सरकारले माग सम्बोधन नगरे कडा आन्दोलनमा उत्रिने नेपाल शिक्षक महासंघले यसअघि नै बताइसकेको छ ।

गत वर्ष पनि यही माग राखेर शिक्षकहरूले आन्दोलन गरेका थिए । आन्दोलनपश्चात् २०८० साल चैत २० गते माग सम्बोधन गर्ने गरी सरकारसँग सहमति भएको थियो । तर सहमति भएको एक वर्ष पुग्दासमेत कार्यान्वयन गर्न सरकारले कुनै संकेत नदेखाएपछि शिक्षकहरू पुनः आन्दोलनमा उत्रिएका छन । १३ दिनदेखि जारी आन्दोलनको सम्बोधन तथा शिक्षकहरूको माग पुरा गरी शिक्षकहरूलाई तत्काल विद्यालय फर्काउनुपर्ने दबाबमा सरकार रहेको छ भने नयाँ शैक्षिक सत्र सुरु भएसँगै शैक्षिक हडताल फिर्ता लिएर विद्यालय सुचारु गर्न शिक्षकहरूलाई पनि नैतिक दबाब परेको छ । "सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता" भन्ने नाराका शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्ना अभियान थाल अभिभावकहरू, कर्तव्यनिष्ठ शिक्षकहरू शिक्षा सबैका लागि मौलिक अधिकार हो भन्ने संवैधानिक मान्यतालाई शिरोधार्य गर्दै प्रत्येक बालबालिकालाई विद्यालयसम्म पुर्‍याउनु परम कर्तव्य हो । विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा सम्बन्धी संविधान प्रदत्त मौलिक हक कार्यान्वयनको सुनिश्चतता गर्न नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । वर्तमान अवस्थामा प्रारम्भिक बाल विकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको सङ्ख्या ७६.३ प्रतिशत, आधारभूत तहको कूल भर्नादर १२८ प्रतिशत, खुद भर्नादर ९४.१ प्रतिशत र माध्यमिक तहको खुद भर्नादर ५५.८ प्रतिशत रहेको तथ्याङ्कले शिक्षामा सुधारका सङ्केत देखिएको भएता पनि हामीलाई शिक्षामा सबै बालबालिकाको पहुँच, शैक्षिक गुणस्तर अभिवृद्धि र विद्यार्थी टिकाउ दर बढाउन थप प्रतिबद्धता र सहकार्यको खाँचो देखिन्छ ।

यसै परिप्रेक्ष्यमा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय उमेर समूहका सबै बालबालिकालाई बालविकास केन्द्र तथा विद्यालयमा भर्ना गराउन, गुणस्तरीय पाठ्यपुस्तकको समयमै वितरण सुनिश्चित गर्न र सर्वसुलभ, समावेशी, अनिवार्य तथा निःशुल्क शिक्षाको पूर्ण कार्यान्वयनका लागि यो भर्ना अभियान देशभर सञ्चालन गर्दैछ । वैशाख १ गतेदेखि सुरु हुने यो अभियान केवल संख्यात्मक लक्ष्य प्राप्ति मात्र नभई, हरेक बालबालिकाको शिक्षाको अधिकारलाई गुणस्तरीय, समावेशी र सार्थक बनाउने हाम्रो साझा सङ्कल्पको प्रतीक हो ।

शिक्षा नै समाज रूपान्तरण र राष्ट्रिय समृद्धिको आधारशिला हो। सिकाइ र सीपले मात्र व्यक्तिको जीवनमा र मुलुकको विकासमा सार्थक योगदान पुर्‍याउन सकिन्छ । विज्ञान र प्रविधिको गतिशील विकाससँगै हामीले आफ्नो मौलिक रैथाने ज्ञान तथा सीपको पनि सम्मान गर्दै भावी पुस्तालाई उत्तरदायी, संवेदनशील र विवेकी नागरिक बनाउने दिशामा अग्रसर हुनुपर्दछ । "अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५" अनुसार २०८५ साल वैशाख १ गतेदेखि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति कुनै पनि सार्वजनिक पद, सेवामा नियुक्त वा निर्वाचित हुन नपाउने व्यवस्थाले शिक्षाको महत्वलाई थप उजागर गरेको छ । नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह बीचको समन्वय र सहकार्यबाट समुदायस्तरमा आम अभिभावकको सहयोग र सक्रिय सहभागिताबाट मात्रै विद्यार्थी भर्ना अभियान र समग्र शिक्षा सुधारको हाम्रो प्रयास सफल हुने भएकोले यसमा तीनै तहका सरकार, शिक्षक, कर्मचारी, जनप्रतिनिधि, सञ्चारकर्मी, नागरिक समाज, शैक्षिक क्षेत्रका विज्ञ, कलाकार, स्रष्टा र सम्पूर्ण नेपाली जनसमुदायलाई सक्रिय सहभागिता र सहकार्य आवश्यक छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| ककर्ट | : शुभ यात्रा | मकर | : आर्थिक समस्या |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# गाडी दुर्घटना हुँदा ११ जना घाइते

**पोखरापत्र संवाददाता**
बागलुङ, १ बैशाख

बागलुङमा पिकअप जिप दुर्घटना हुँदा ११ जना घाइते भएका छन् । जिल्लाको तमानखोला गाउँपालिकाका कर्मचारी सवार पिकअप जिप दुर्घटना भएको हो ।

तमानखोलाको केन्द्र बोङ्गादोभान बजारदेखि पर्यटकीय क्षेत्र बराहतालतर्फ जाँदै गरेको ग१ ५७०५ नम्बरको पिकअप जिप उकालोमा ब्रेक फेल भई दुर्घटनामा परेको जनाइएको छ । दुर्घटनामा तमानखोला गाउँपालिकाकी सहायक प्रशासकीय अधिकृत गलकोट नगरपालिका-१ की ३० वर्षीया मुना विक, नायब पशु शाखा प्राविधि जुम्ला कन्कासुन्दरी गाउँपालिका-२ का २६ वर्षीय प्रेम रावल, सहायक लेखा अधिकृत रुकुम पश्चिम बाँफिकोट गाउँपालिका-६ का ३२ वर्षीय सुदर्शन कुसारी, कार्यालय सहयोगी तमानखोला गाउँपालिका-२ का २९ वर्षीय सचिन विक, प्राविधिक साहयक रुकुम पश्चिम चौरजहारी नगरपालिका-१३ का २३ वर्षीयको नवीन मल्ल घाइते भएका छन् ।

त्यस्तै गाउँपालिकाकी पूर्वउपाध्यक्ष तमानखोला गाउँपालिका-१ की ५२ वर्षीया मनसरी शेरचन, सोही स्थानकी ६३ वर्षीया इन्द्राकुमारी गिरी, २५ वर्षीया वसन्ती मगर, सोही स्थानका गाडी चालक २७ वर्षीय सुशील रसाइली, १२ वर्षीया मनी मगर र तमानखोला गाउँपालिका-२ की २० वर्षीया झरना गिरी घाइते भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिनुभयो ।

घाइतेमध्ये सहायक प्रशासकीय मुना विक र प्राविधिक साहयक नवीन मल्लको अवस्था गम्भीर रहेको यादवको भनाइ छ । गम्भीर दुवै जनालाई धौलागिरि प्रादेशिक अस्पताल बागलुङ पठाइएको उहाँले जानकारी दिनुभयो । अन्य घाइतेहरूको बुर्तिबाङ अस्पतालमा उपचार भइरहेको छ ।

# टिकटक बनाउने क्रममा कालीगण्डकीमा एक महिला बेपत्ता

**रासस**
पर्वत, १ बैशाख

कालीगण्डकी नदी स्नान गरेर टिकटक बनाउने क्रममा बगेर एक महिला बेपत्ता भएकी छिन् ।

पर्वतको कुश्मा नगरपालिका-५ मोदीवेणीस्थित कालीगण्डकी नदी किनारमा स्नान गरेर फर्किने क्रममा भिडियो खिच्न लाग्दा पर्वतको महाशिला गाउँपालिका-५ घर भई पोखरा बस्ने ३५ वर्षीया विष्णु पन्त चिप्लिएर लड्दा नदीमा खसेकी थिइन् ।

बेपत्ता पन्तको खोजी जारी रहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय पर्वत र सशस्त्र प्रहरी बल २५ नं गण चण्डिकाको टोलीले खोजीकार्य तीव्र बनाएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी नायब उपरीक्षक रवीन विष्टले जानकारी दिनुभयो । प्रहरीको टोली खोजी गर्दै बिहादीसम्म पुगिसकेको छ ।

उनीसँगै उनकी दिदी र दुई छोरा समेत गएका थिए । उनीहरू भने सकुशल फर्किएको प्रहरीले जनाएको छ । नयाँ वर्ष तथा वैशाखे सङ्क्रान्तिको अवसरमा कालीगण्डकी स्नान गर्नका लागि विभिन्न जिल्लाका भक्तजनको घुइँचो लाग्छ ।

# ढालियो ५५ हात लामो योसिद्यः

**रासस**
काठमाडौं, १ बैशाख

भक्तपुरको प्रसिद्ध बिस्का जात्राको पाँचौं दिन सोमबार भेलुखेलस्थित यसीँख्योमा ५५ हात लामो यसीद्यः (लिङ्गो) ढाल्ने जात्रा सम्पन्न भएको छ ।

पुरानो वर्षको बिदाइ र नयाँ वर्षको आगमनको अघिल्लो दिन उठाएको योसिंद्यःलाई तान्त्रिक विधिपूर्वक पूजाआजा गरी साँझ ६ बजेर ३२ मिनेटमा ढालिएको हो । भैरवनाथको प्रतीक मानिने योसिंद्यःमा बाडिएको अष्टमात्रिकाको प्रतीक आठ वटा डोरी फुकाएर सबैतिर तानातान गरी ढाल्ने परम्परा छ । योसिद्यःको जात्रा सम्पन्न भइसकेपछि तलेजुमा दुमाजुको विषेश पूजाआजा गरी यसीँख्योमा रहेको भैलखः र भद्रकालीको रथलाई गःहिटि पुऱ्याइ रथ जुधाउने जात्रा गर्ने परम्परा छ । यो जात्रा हेर्नाले सुख, समृद्धि, सहकाल आउनुका साथै शत्रुहरु नाश हन्छन् भन्ने धार्मिक मान्यता रहेकाले यसलाई शत्रुहन्ता जात्रा पनि भन्ने गरिन्छ ।

## नागरीक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ फुस्रेखोला रैकर भालडाँडामा सडक सम्पन्न गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरीक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : फुस्रेखोला रैकर भालडाँडा सडक
उपभोक्ता समितिको नाम : फुस्रेखोला रैकर भालडाँडा सडक निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की
योजना सम्झौता मिति : २०८१/१०/२०
योजना सुरु मिति : २०८१/१०/२१
योजना सम्पन्न हुने मिति : २०८१/१२/०५
महानगरपालिका बाट प्राप्त : ३०,००,०००/-
जनसहभागिता : ५,५२,२७५/७१
कुल लागत : ३५,५२,२७५/७१

**दिपेन्द्र मोहन पोखेल**
**अध्यक्ष**
**फुस्रेखोला रैकर भालडाँडा सडक निर्माण उपभोक्ता समिति**
पोखरा-२१, कास्की

# आदर्श समाज ३० वर्ष प्रवेश गरेको अवसरमा शुभकामना तथा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख




आदर्श समाज दैनिक ३० औं वर्षमा प्रवेश गरेको अवसरमा शुभकामना आदानप्रदान एवं सम्मान कार्यक्रम गरिएको छ ।

सोमबार आयोजित समारोहमा उपस्थित आदर्श समाज परिवारका सदस्यहरुले आपसमा नयाँ वर्ष-२०८२ को शुभकामना साटासाट गरे । सो अवसरमा वितरण विभागमा रही लामो समयदेखि कार्यरत् पोखरा-२६, लेखनाथ निवासी पूर्णबहादुर रानाभाटलाई सम्मान गरिएको छ । उनलाई पत्रिकाका प्रधान सम्पादक कृष्णप्रसाद बास्तोला, प्रबन्धक कृष्णप्रसाद बस्ताकोटी, व्यवस्थापक दुर्गादेवी बास्तोला, कार्यकारी सम्पादक विजय नेपालले सम्मान प्रदान गरेका हुन् । समारोहमा आदर्श समाज बहुमुखी प्रकाशन प्रालिका अध्यक्ष एवं प्रधान सम्पादक कृष्णप्रसाद बास्तोलाले पत्रिका प्रकाशनमा धेरै चुनौतीहरु रहेको उल्लेख गर्दै संयमित भएर अघि बढ्नुपर्ने बताए । उनले पत्रिकालाई यहाँसम्म ल्याउन सहयोग गर्ने सम्पूर्ण पाठक, ग्राहक, विज्ञापनदाता, स्तम्भकार तथा सम्पूर्ण शुभचिन्तकप्रति आभार व्यक्त गरे । प्रबन्धक कृष्णप्रसाद बस्ताकोटीले पत्रिकाको सुरुआतको संघर्षको चित्रण गर्दै यो पत्रिका पोखराको पर्यायवाची बनिसकेको उल्लेख गरे । उनले पत्रिकाको स्वतन्त्र छवि रहेको बताउँदै यसको चर्चा जताततै हुने गरेको जनाए । व्यवस्थापक दुर्गादेवी बास्तोलाले सबैको साथ र सहयोगले पत्रिका यहाँसम्म आइपुग्न सफल भएको बताइन् । कार्यकारी सम्पादक विजय नेपालले पत्रिकाले आफ्नो आदर्श र पत्रकारिताको सिद्धान्तलाई जहिले पनि आत्मसात गर्दै अघि बढेको बताए । उनले आगामी दिनमा पाठकसमक्ष पत्रिकालाई अझै सशक्त र गुणस्तरीय बनाउँदै जाने प्रतिबद्धता व्यक्त गरे ।

वितरण शाखा प्रमुख बलबहादुर राउतले नयाँ वर्ष तथा पत्रिकाको वार्षिकोत्सव अवसरमा शुभकामना व्यक्त गर्दै प्रगतिको कामना गरे । पत्रिकाको सम्पादन, मार्केटिङ, वितरण, छपाई तथा प्रशासन विभागका कर्मचारीहरुको उपस्थिति रहेको कार्यक्रमको संचालन प्रशिक्षार्थी पत्रकार दिनेश पौडेलले गरेका थिए ।

पोखराको पुरानो आदर्श समाज २०५३ वैशाख १ गतेबाट पाक्षिकरुपमा प्रकाशन सुरु भएको थियो । अर्को वर्षपछि साप्ताहिकमा रुपान्तरण भएकोमा २०५४ माघ श्रीपञ्चमीदेखि दैनिकरुपमा निरन्तर प्रकाशित हुँदै आएको छ । यो गण्डकी प्रदेशमै राष्ट्रिय (क) वर्गको एकमात्र दैनिक हो ।

# नदीपुरमा खुल्यो 'कानुङ क्याफे एण्ड कफि सप'

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख




पोखरा महानगरपालिका-३ नदीपुर (पद्म नर्सिङ होमको अगाडि) मा ५० लाखको लागतमा 'कानुङ क्याफे एण्ड कफि सप' सञ्चालनमा आएको छ ।

पोखरा महानगरपालिका-३ का वडा सदस्यसमेत रहेका युवा व्यवसायी नविन आले मगरले नव वर्ष २०८२ को अवसर पारेर आज (सोमबार) देखि क्याफे सञ्चालनमा ल्याएका हुन् ।

उक्त क्याफेको उद्घाटन माता तुलसीदेवी आले र पिता लालबहादुर आले मगरले संयुक्त रुपमा गरे । क्याफेमा नयाँवर्ष तथा उद्घाटन अफर अन्तरर्गत आगामी १५ गतेसम्म कफि तथा हरेक परिकारमा १० प्रतिशत छुट प्रदान गरिने सञ्चालक आले मगरले बताए । 'कफि पारखीहरुका लागि मात्रै नभएर प्रचलित खाजाका परिकारहरु हाम्रो क्याफेमा उपलब्ध हुनेछन्, उनले भने, 'नयाँवर्षदेखि २ हप्ताका लागि कफि तथा हरेर परिकारमा १० प्रतिशत छुट दिँदैंछौ ।' स्वदेशमै स्वरोजगारको सिर्जना गर्न र पारिवारिकमैत्री सेवा दिने उद्देश्यले क्याफे सञ्चालनमा ल्याएको बताउदै हाल ७ जना कर्मचारी कार्यरत रहेको उनले बताए । 'अहिले युवाहरु देश छाडेर विदेश पलायन हुने अवस्था छ । तर मैले यही केही गर्नुपर्छ भनेर क्याफे सञ्चालनमा ल्याएको हुँ, उनले भने, 'कानुङ क्याफे नाफामुखी मात्र नभएर सेवामुखी क्याफे बनाउने प्रयत्न गरेको छु ।' उनले मगर जातिको भाषा तथा संस्कृतिको जगेर्ना गर्ने लक्ष्यसहित मगर भाषामा क्याफेको नामाकरण गरिएको बताए । 'मै सामाजिक क्षेत्रमा क्रियाशिल भएको हिसाबले पनि आफ्नो भाषाको संरक्षण गर्ने हेतुले क्याफेको नाम पनि 'कानुङ क्याफे' राखिएको हो, सञ्चालक आलेमगरले भने, 'यसले मगर समुदायलाई मात्रै होइन अन्य समुदायलाई पनि अपनत्व गराउँछ भन्ने विश्वास छ ।' मगर भाषामा 'कानुङ' भन्नाले नेपालीमा 'हाम्रो' भन्ने अर्थ लाग्छ । राजनीतिक क्षेत्रमा मात्र नभएर सामाजिक क्षेत्रमासमेत क्रियाशिल आलेमगर विभिन्न संघ संस्थामा आबद्ध छन् ।

# प्रहरीद्वारा अवैध शालिग्राम बरामद

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १ बैशाख

प्रहरीले अवैध शालिग्राम बरामद गरेको छ । जिल्लाको बारागुङ मुक्तिक्षेत्र–३ स्थित इलाका प्रहरी कार्यालय छुसाङ चेक पोष्टले ३४ वटा सेतो बोरामा 'प्याकिङ' गरिएको आठ सय ९४ केजी शालिग्राम शिला बरामद गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्लाको लोघेकर दामोदरकुण्ड गाउँपालिका-३ घमिबाट जोमसोमतर्फ आउँदै गरेको ग ३ च ८१५२ नं को बोलेरो जीपलाई शङ्का लागि जाँच गर्दा अवैध शालिग्राम प्रहरीले फेलापारी नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक विशाल अधिकारीले जानकारी दिनुभयो । लोघेकर दामोदरकुण्ड-५ सुर्खाङ बस्ने ४१ वर्षीय कुनसाङ रेञ्जिङ गुरुङले बोलेर जीपमा लोड गरेर अवैध रुपमा लुकाइछिपाइ शालिग्राम जोमसोमतर्फ ल्याउँदै गर्दा इलाका प्रहरी कार्यालय छुसाङले बरामद गरेको प्रहरी निरीक्षण अधिकारीको भनाइ छ । अवैध रुपमा ल्याउँदै गरेको शालिग्रामसहित जीप, चालक र शालिग्राम ल्याउने धनीलाई अन्नपूर्ण संरक्षण कार्यालय जोमसोममा पेस गरिएको प्रहरीले जनाएको छ । एक्याप जोमसोमले शालिग्राम शिलासहित जीप, चालक र शालिग्राम ल्याउने धनीलाई अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्यापको प्रधान कार्यालय पोखरामा अनुसन्धानका लागि पठाइसकेको कार्यालय प्रमुख राजेश गुप्ताले जानकारी दिनुभयो ।

जिल्लाको दामोदरकुण्ड हुँदै कालीगण्डकी नदीमा जम्मा हुने शालिग्रामलाई हिन्दू धर्मशास्त्रमा विष्णु भगवानको प्रतिकको रुपमा पुज्ने गरिन्छ । व्यावासायिक रुपमा ठूलो परिमाणमा शालिग्राम ओसारपोसार गर्नेविरुद्ध मुस्ताङ प्रशासन, प्रहरी र एक्यापले कडान निगरानी गर्ने गरेको छ । व्यक्तिगत रुपमा फुटकर शालिग्राम शिला खरिद गरेर जिल्ला बाहिर लैजानका लागि प्रशासन, प्रहरी र एक्यापले छुट दिएको छ ।

जिल्लामा सडक सञ्जालको विकाससँगै शालिग्राम दोहनको क्रम बढ्दो अवस्थामा छ । जिल्लामा आउने वार्षिक पाँच लाख भक्तजनले एक/एक वटा शालिग्राम खरिद गरेर लैजाने हो भने पनि मुस्ताङबाट ठूलो परिमाणमा शालिग्राम जिल्लाबाट बाहिरिने गर्छ । यहाँको कागबेनी, मुक्तिनाथ, जोमसोम लगायतका स्थानमा फुटकर व्यवसायीले शालिग्राम बिक्रीका लागि राखेका हुन्छन् । जिल्लामा पर्यटक आगमन बढेसंगै शालिग्राम संरक्षणको विषय निकै चुनौती बनेको छ ।

# पोखराको चिप्लेढुंगामा खुल्यो 'लेट्स गो निप्पोन' एजुकेशन

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख

पोखराको चिप्लेढुंगामा 'लेट्स गो निप्पोन' एजुकेशन प्रा.लि. कन्सल्टेन्सी सञ्चालनमा आएको छ।

जापानमा दुई दशक बसेर नेपाल आउनु भएको लक्ष्मी तामाङ (कोइराला) नेतृत्वले पोखराको व्यस्त बजार चिप्लेढुंगामा नेपाली नयाँ वर्ष २०८२ को अवसरमा आज वैशाख १ गते उक्त कन्सल्टेन्सी संचालनमा ल्याउनु भएको हो । जापानमा उच्च शिक्षा हासिल गर्न जान चाहाने, वर्किङमा र होटल म्यानेजमेन्टको इन्टनशिप गर्न चाहानेहरुको लागि उक्त कन्सल्टेन्सीले सहजीकरण तथा प्रशिक्षण समेत गराउने भएको छ। उहाँले भन्नुभयो "हामी पनि पहिला बिद्यार्थी भिषाबाट जापान गयौं, हामी जापानमा बसेको करिब दुई दशक भन्दा बढी समय भएछ, अब आफ्नो गाउँ ठाउँबाट केही गर्नु पर्छ भनेर हामीले सिकेको आधारमा हामीसंग




भएको अनुभव र जापानमा करिब २० वटा भन्दा बढी कलेजहरुसंग सहकार्य गरेकोले हामीले आवश्यक परेको खण्डमा रोजगारको अवसर दिने गरी तयारी गरेका छौं ।" उक्त कन्सल्टेन्सीका प्रबन्ध निर्देशकको रुपमा रहनु भएको कोइरालाले जापानको जीवनशैलि आफुले राम्रोसंग बुझेकोले जापान जाने युवाहरुलाई राम्रोसंग व्यवहारिक ज्ञान र सिप सिकाउन सक्ने दाबी गर्नुभयो । जापानमा जनशक्ति अभाव भएकोले नेपालीहरुलाई अन्य देशका भन्दा फरक ढंगले हेर्ने हुँदा जापानको बारेमा राम्रोसंग सोध पुछ गरेर गएको खण्डमा विदेशमा नेपाली युवाहरुले दुःख नपाउने उहाँको भनाई छ । जापानमा प्रधान कार्यालय रहेको आमेया कम्पनी अफ जापान सँगको सहकार्यमा पोखरामा उक्त कन्सल्टेन्सी स्थापना गर्नुले अन्य कन्सल्टेन्सी भन्दा आफुहरुलाई विदेश पठाउन सहज हुने प्रबन्ध निर्देशक कोइरालाले जनाइन् ।

नेपाली संयोजक राज पाण्डे नेतृत्व टोली जापान हुनुले नेपालबाट जापान जाने युवाहरुलाई उचित ढंगबाट सुरक्षित तवरबाट व्यबस्थापन गर्न सहज हुने उहाँले जनाउनु भयो । उक्त कम्पनीको करिब दुई बर्ष अघि वुटवलमा शाखा स्थापना भएको थियो । जापान र पोखरामा समेत होस्टलको सुविधा रहेकाले विद्यार्थीलाई सहज हुने विश्वास गरिएको छ।

पोखरा र कास्की वरपरका युवाहरुलाई जापान जानु छ भने राम्रोसंग अनुभवी भएका कन्सल्टेन्सीमा परामर्श लिएर उच्च शिक्षा हासिल गरेर मात्र जान कन्सल्टेन्सीका सञ्चालन निरज कोइरालाले बताउनुभयो। आमेय कम्पनी जापानका प्रोपाईटर तथा पोखराका संचालक राज पाण्डेले जापानबाट समय समयमा अनुभवी शिक्षकहरु समेत पोखरामा ल्याउने तयारी गरेको बताउनुभयो। जापानका २०/२५ बढी कलेजसँगको कन्सल्टेन्सीको सहकार्य रहेकाले विद्यार्थीहरुले आफ्नो छनोट अनुसारको उपयुक्त कलेज छान्न पाउने उहाँको भनाई छ। उक्त कन्सल्टेन्सिले न्यूनतम ३ महिने प्रशिक्षण देखि एक बर्षको इन्टन हुदै प्लस टु मात्र उर्त्रिण गरेकाहरुको लागि ४ बर्षीय कोर्ष अध्ययन गराउन पहल गर्ने भएको छ।



मुक्तिनाथ बसपार्कमा पार्किङ गरिएका सवारीसाधन : मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ मुक्तिनाथ बजार नजिकै रहेको बसपार्कमा नयाँ वर्षका अवसरमा आज मुक्तिनाथ मन्दिर दर्शन गर्न आएका भक्तजनहरुले पार्किङ गरी राखिएको सवारीसाधन। तस्बिरः सुशीलबाबू थकाली/रासस

# सगरमाथा आरोहणका लागि खुम्बु आइसफलको बाटो तयार

**रासस**
काठमाडौं, १ बैशाख

वसन्तकालीन यामा सगरमाथा आरोहणका लागि दुई सयभन्दा बढीले आरोहण अनुमति लिएका छन्।

पर्यटन विभागका अनुसार बिहीबारसम्म २२ आरोही समूहका ३८ महिला र एकसय ७८ पुरुष गरी कूल २१४ जनाले अनुमति पाएका हुन् । आरोहण अनुमति लिएर विभिन्न मुलुकका आरोहीहरू धमाधम गन्तव्यतर्फ लागिरहेका छन् । विभागले चैतको तेस्रो सातादेखि सगरमाथा आरोहण अनुमति दिन सुरु गरेको थियो। विभागका निर्देशक आरती न्यौपानेका अनुसार सगरमाथा आरोहणका लागि धमाधम आरोही गन्तव्यतर्फ गइरहेका छन्। नेपालसहित ३१ मुलुकका नागरिक सगरमाथा आरोहणका लागि भएका छन् । विभागले हालसम्म सगरमाथासहित विभिन्न १७ हिमाल आरोहणका लागि 'एक्सपीडिसन पर्मिट' जारी गरेको छ। पछिल्लो विवरणमा हिमाल आरोहणमार्फत ३६ करोड ५८ लाख १५ हजार २७ रोयल्टी रकम सरकारी खातामा जम्मा भएको छ। सगरमाथाबाट मात्रै ३१ लाख ६९ लाख ८६ हजार २८ रकम उठेको छ । हालसम्म विभिन्न हिमाल तथा पिक आरोहण गर्न ५४ आरोही समूहका ९९ महिला र तीनसय ९८ गरी कूल चार सय ९७ जनाले विभागबाट अनुमति लिएका छन् । आरोहणका लागि खुम्बु आइसफलसम्मको बाटो निर्माण सम्पन्न भएको छ। आइसफलका डाक्टरहरूले खुम्बु आइसफल हुँदै रुट फिक्सिङ पूरा गरेको विभागले जनाएको छ । असाधारण प्रयासका लागि एसपिसिसीका आइसफल डाक्टरलाई विभागले प्रसंशा व्यक्त गरेको छ । सगरमाथाको आधार शिविरदेखि दोस्रो शिविरसम्म बाटो निर्माणका लागि सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) ले खुम्बु आइसफलमा बाटो बनाउने ' आइसफल डाक्टर' खटाएको थियो । यो सिजनका लागि १० जनाको टोली खटाइएको एसपिसिसीले जनाएको छ।

पर्वतारोहण सञ्चालक सङ्घले सगरमाथाको दोस्रो शिविरदेखि चुचुरोसम्म बाटो बनाउनेअर्थात् 'रोप फिक्सिङ' (डोरी टाँग्ने) काम गर्ने छ । सङ्घले यो सिजनको सगरमाथा आरोहणका लागि बाटो बनाउने तथा रोप फिक्सिङको व्यवस्थापकीय जिम्मेवारी एट्के एक्सपीडिसन कम्पनीलाई दिएको छ । वसन्त ऋतु सगरमाथासहितका हिमाल आरोहणका लागि उपयुक्त मौसम मानिन्छ। यो याममा सगरमाथा आरोहणका लागि उल्लेख्य सङ्ख्यामा विदेशी आउँछन्।

# घाचोक-पोखरा सम्पर्क समाजको शुभकामना आदानप्रदान सहित भित्तेपात्रो विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख

घाचोक- माछापुच्छ्रे पोखरा सम्पर्क समाजले प्रकाशन गरेको भित्ते पात्राको सोमबार विमोचन गरिएको छ।

पोखरामा आयोजित एक कार्यक्रम सहित भित्ते पात्रो विमोचन तथा नयाँवर्ष २०८२ को अवसरमा शुभकामना आदान प्रदान गरिएको हो । समाजको भित्तेपात्रोको समाजका ज्येष्ठ सल्लाहकार सुवेदार तोरणबहादुर गुरुङ र समाजका अध्यक्ष तोयनाथ वैरागी लम्सालले संयुक्त रुपमा विमोचन गर्नुभयो।

समाजका अध्यक्ष लम्सालले स्थापनाको छोटो समयै समाजले धेरै सृजनशील काम गरेको बताउनुभयो । उहाँले समाजका सदस्यहरुको दुःख सुःखमा सँधै साथमा रहेर काम गर्दै आएको बताउनुभयो। अध्यक्ष लम्सालले भन्नुभयो, "समाजले बेलाबेलामा रचनात्मक र सामाजिक कार्य



गर्दै आइरहेको छ। हामी आगामी दिनमा समाजलाई थप गतिशिल ढंगले अगाडि बढाउनु आवश्यक छ । नयाँ वर्षले समाजले गर्ने कार्यक्रमहरु अझै प्रभावकारी बन्न सकुन् ।" कार्यक्रममा समाजका सल्लाहकारहरु मीनप्रसाद लम्साल, मीनराज लम्साल, गंगालाल पोखरेल तथा समाजका कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुले समाजका गतिविधिलाई थप सिर्जनशील र सक्रिय बनाउने बारेमा भनाई राख्नुभएको थियो। उहाँहरुले नयाँवर्षको शुभकामना व्यक्त गर्दै छोटो समयमै समाजले स्थापित हुने काम गरेको बताउनुभयो। कार्यक्रममा स्वतन्त्र विद्यार्थी युनियन पृथ्वीनारायण क्याम्पसको सभापतिमा निर्वाचित हुनुभएकामा समाजका सहसचिव विष्णु पोखरेल र समाजका कार्यसमिति सदस्य कृष्ण दवाडी प्रेस सेन्टर नेपालको केन्द्रीय सदस्यमा निर्वाचित भएकामा बधाई ज्ञापन गरिएको समाजका समाजका सचिव जगत गुरुङले जानकारी दिनुभयो।

# कौरा नृत्यमा रमाए विदेशी पर्यटक

**रासस**
दमौली, १ बैशाख

यहाँको पर्यटकीय नगरी बन्दीपुर घुम्न आएका विदेशी पर्यटक कौरा नृत्यमा छमछमी नाचेका छन् । बन्दीपुरमा जारी १३औं सांस्कृतिक तथा सडक खाना महोत्सवका अवसरमा सोमबार विदेशी पर्यटक कौरा नाचेका हुन्।

मगर समुदायको प्रख्यात उक्त नाच महोत्सवमा प्रस्तुत गरिएको थियो। मगर समुदायका युवायुवतीसँगै विदेशी पर्यटकले उक्त नाचमा सहभागिता जनाएका थिए । नेपाली समुदायको कला, संस्कृति र रितीरिवाज देखेर विदेशी पर्यटक मोहित भएको बन्दीपुर भ्रमण वर्ष २०२५ का सचिवालय संयोजक वैशबहादुर गुरुङले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "महोत्सवमा विभिन्न जातजातिका कला, संस्कृति, नृत्य प्रवर्द्धन गरेका छौं । बन्दीपुरभित्रका मगर, गुरुङ, नेवार जातजातिका नाचलाई समावेश गरेका छौं।"

बन्दीपुर भ्रमण वर्ष भर विविध कार्यक्रम गरिने गुरुङको भनाइ छ । महोत्सवमा विभिन्न रैथाने समुदायले बनाउने परिकारको स्वाद लिन पाइने जनाइएको छ । महोत्सवका अवसरमा विविध जातजातिका सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिनेछ । मगर, नेवार, गुरुङ, ब्राम्हणलगायत अन्य जातजातिका सांस्कृतिक नाचलाई सडक खाना महोत्सवमा समावेश गरिएको बन्दीपुर भ्रमण वर्षका प्रचारप्रसार संयोजक राजु बानियाँले जानकारी दिनुभयो । आन्तरिक पर्यटकको अलवा बन्दीपुरमा विदेशी पर्यटकको उत्तिकै भीड हुन्छ । यहाँ विशेषगरी चिनियाँ पर्यटकको सङ्ख्या बढी छ। नेपाल आएका अधिकांश पर्यटक एक रात बस्नका लागि बन्दीपुर आउने गरेका छन्। बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले बन्दीपुर घुम्न आउने विदेशी पर्यटक यहाँको संस्कृति देखेर मोहित हुने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँको संस्कृति देखेर विदेशीहरु रमाउँछन् । अन्य बेलामा यहाँको कला संस्कृतिबारे विदेशीलाई जानकारी गराउने गरेका छौं।"

# तनहुँको बन्दीपुरमा चितुवा आतङ्क : सावधानी अपनाउन आग्रह

**पोखरापत्र संवाददाता**
तनहुँ, १ बैशाख

तनहुँको बन्दीपुर गाउँपालिका-२ कामीडाँडामा गत शुक्रबार राति चितुवाको आक्रमणबाट बालिकाको मृत्यु भएपछि चितुवा नियन्त्रणका लागि बाख्रा खोर राखिएको छ।

डिभिजन वन कार्यालय तनहुँले यस क्षेत्रको जङ्गलमा आइतबार बाख्रासहितको खोर राखेको हो । चितुवाको आक्रमणपश्चात् स्थानीयवासी त्रसित भएकाले चितुवा नियन्त्रणमा लिन अपरिहार्य भएको वडाध्यक्ष तिलकबहादुर कुँवरले बताउनुभयो।

उहाँले भन्नुभयो, "चितुवाको आक्रमणपश्चात् स्थानीयवासी त्रसित छन्। कामीडाँडा वरपरका गाउँबस्तीमा चितुवा पटक-पटक देखिएको छ । साँझ र रातको समयमा सावधानी अपनाउन अपिल गरेका छौं।"

चितुवाको आक्रमणबाट दश वर्षीया अनुजा विकको मृत्यु भएको थियो। फूपुदिदीको घरमा जाँदै गरेको बेलामा चितुवाको आक्रमणमा परेकी विकको शव जङ्गलमा भेटिएको थियो।

डिभिजन वन कार्यालय तनहुँले घटनास्थल वरपर सबै सतर्क भई सुरक्षित रहन आग्रह गरेको छ। कार्यालयले चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउन, एक्लै नहिँड्न आग्रह गरेको छ। त्यस्तै चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्ज्यालो बनाउने, झाडी सफा गर्न तथा बच्चा तथा वृद्धहरुको विशेष ख्याल र रेखदेख गर्न कार्यालयको अनुरोध छ।

तनहुँमा पछिल्लो केही वर्षयता चितुवाको आक्रमणबाट बालबालिकाको मृत्यु भएको छ। भानु, बन्दीपुर, आँबुखैरेनीमा चितुवाको आतङ्क छ। चितुवाको आक्रमणबाट पछिल्लो छ वर्षको अवधिमा १४ बालबालिकाले ज्यान गुमाएका छन् । चितुवाको आक्रमणबाट भानु नगरपालिका, शुक्लागण्डकी नगरपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिकामा बालबालिकाको मृत्यु भएको छ । मृग, वन कुखुरालगायत वन्यजन्तु मानिसले शिकार गरिदिँदा वनमा शिकारको अभाव भई चितुवाले मानिसको शिकार गर्न थालेको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ।

जङ्गल फँडानी गरेर बस्ती बसाल्ने, जङ्गली जनावर मारेर खाइदिने कारणले गर्दा र मानव र वन्यजन्तुबीच द्वन्द्व बढ्दो अवस्थामा रहेको सहायक वन अधिकृत काशीराज पण्डितले बताउनुभयो। पण्डितले भन्नुभयो, "तनहुँमा विशेषगरी चितुवाको समस्या रहेकाले चितुवाको स्वभाव, यसले आक्रमण गर्न सक्ने समय लगायतका विषयमा उपभोक्तालाई बेला-बेलामा जानकारी गराएका छौं । चितुवा सक्रिय हुने समय र आनीबानी बुझ्न सकिए यसबाट बच्न सकिन्छ।"

# बजेट अभावमा सडक निर्माण रोकियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ बैशाख

बजेट अभावका कारण गण्डकी प्रदेश सरकारद्वारा बहुवर्षीय ठेक्कामार्फत म्याग्दीमा सञ्चालित छ वटा सडक स्तरोन्नति योजना निर्माण रोकिएको छ।

बजेट अभावमा काम गरेको बिलको भुक्तानी नपाएपछि निर्माण व्यवसायीले सडक निर्माण स्थगित गरेका हुन् । बेनी-पाखापानी सडक योजनाको निर्माण कम्पनीका प्रतिनिधि सुवासचन्द्र कार्कीले सरकारले बजेट व्यवस्थापन गर्न नसकेपछि निर्माण स्थगित गरेको बताउनुभयो । "दुई/तीन वर्षअघिसम्म निर्माण व्यवसायीले काम गर्न नसकेर बजेट खर्च हुन नसक्ने अवस्था थियो," उहाँले भन्नुभयो "अहिले हामीले दुई वर्षको काम एक वर्षमा सक्छौं भन्दा पनि सरकारले बजेट दिन सकेन्।"

गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु दुई करोड विनियोजन गरेको बेनी-पाखापानी सडक योजनाको रु एक करोड ९४ लाख छ महिनामै खर्च भएको थियो । दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित विसं २०८१ जेठ २० गते रु एघार करोड ७६ लाख १२ हजारमा मङ्गलादेवी सुवास कन्ट्रक्सन प्राली र पूर्वाधार विकास कार्यालय म्याग्दीबीच ठेक्का सम्झौता भएको यो आयोजनाको ५० प्रतिशत भौतिक प्रगति भएको छ । दरवाङ-धारापानी-ताकम-मुना सडकको लागि विनियोजन भएको रु दुई करोड बजेट पनि गत पुस महिनामै सकिएको थियो। चार किलोमिटर दुरीको यो सडक स्तरोन्नतिका लागि विसं २०८१ जेठ २० गते रामसागर - बिएस धौलागिरि जेभी र पूर्वाधार विकास कार्यालय म्याग्दीबीच रु १४ करोड ६१ लाख ६१ हजारमा ठेक्का सम्झौता भएको थियो।

गत वर्ष बेनी-पाखापानी सडकमा रु चार करोड र दरवाङ-धारापानी-ताकम-मुना सडकमा रु पाँच करोड बजेट थियो । बेनी-पाखापानी र दरवाङ-धारापानी-ताकम-मुना मात्र नभएर जिल्लामा प्रदेश सरकारले सञ्चालन गरेका सबै सडक र मोटरेबल पुल आयोजनाको लागि चालु आर्थिक वर्षमा विनियोजन भएको सकिएको छ। बेनी नगरपालिका र मङ्गला गाउँपालिका जोड्ने अर्जेखोलाको मोटरेबल पुलका ठेकेदारले गत असारमै लक्ष्य भन्दा एक वर्ष अघिनै काम सकेपनि अझै भुक्तानी पाएका छैनन् । पूर्वाधार विकास कार्यालय, म्याग्दीका प्रमुख विष्णुप्रसाद पौडेलले विनियोजित बजेट भुक्तानी भइसकेको र रकमान्तर अथवा थप बजेट व्यवस्थापन नहुँदा निर्माण व्यवसायीलाई भुक्तानी दिन नसकेको बताउनुभयो।

"म्याग्दीका सडक र पुलका पुरानो एक वटासहित १० वटा बहुवर्षीय आयोजनामध्य आठ वटाको निर्माणाधीन छन्," उहाँले भन्नुभयो "तर निर्माण व्यवसायीलाई भुक्तानी गर्ने बजेट नहुँदा रोकिएका छन् ।" बहुवर्षीय योजनाका लागि रु १३ करोड ९० लाख दायित्व सिर्जना भएको कार्यालय प्रमुख पौडेलले बताउनुभयो । बेनी-भकिम्ली सडक, दरवाङ- अदिभारा-डाडाँगाउँ- सोले- तमान-बुर्तीवाङ सडक, पखेर-बरङजा ३ र ४ हुँदै महेश-घापुङ-ताराखोला गाउँपालिका जोड्ने सडक र दरवाङ-बिम-दिच्याम सडक स्तरोन्नती योजना निर्माण रोकिएको छ । गत वर्ष करिब रु ६८ करोड लागतमा म्याग्दीमा सात वटा सडक स्तरोन्नति र दुई वटा मोटरेबल पुल निर्माण सुरु भएका थिए। ती आयोजना कार्यान्वयनका लागि विभिन्न निर्माण कम्पनीसँग रु ६७ करोड ७८ लाखमा ठेक्का सम्झौता गरेको थियो । अर्थ मन्त्रालयले रु एक अर्ब २० करोड बजेटको स्रोत सुनश्चितता गरेको थियो।

अर्थ मन्त्रालयले स्रोत सहमति र सुनश्चितता गरेर बहुवर्षीय ठेक्का सम्झौता भइसकेका आयोजनाका लागि विषयगत मन्त्रालयले पर्याप्त बजेट व्यवस्थापन नगर्दा र टुक्रे योजनामा प्राथमिकता दिँदा गण्डकी प्रदेशभरका आयोजनामा यस्तो समस्या देखिएको प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले बताउनुभयो।

"टुक्रे योजनामा बजेट छर्दा ठूला र गौरवका आयोजनामा अभाव भएको हो," उहाँले भन्नुभयो "विषयगत मन्त्रालयका मन्त्री र मुख्यमन्त्रीलाई काम भइरहेका तथा सम्पन्न हुने चरणका योजनामा बजेट अभाव हुन नदिन सचेत बनाएका छौं।"